नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मानसिक अस्पताल
लगनखेल, ललितपुर

☎ ०१-५५२१३३३
📠 ०१-५००४००४

पत्र संख्या : २०८२/८३
चलानी नम्बरः

मिति : २०८३/०१/१४

श्री नीति, योजना तथा अनुगमन महाशाखा,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ,
सिंहदरवार , काठमाण्डौ ।

विषयः स्वास्थ्य क्षेत्र सुधारका ७ बुँदे कार्यसूची कार्यान्वयन सम्बन्धी प्रगति विवरण।

प्रस्तुत बिषयमा यस मानसिक अस्पतालको मिति २०८३/०१/०१ देखि २०८३/०१/१४ सम्म (दुई हप्ताको) स्वास्थ्य क्षेत्र सुधारका ७ बुँदे कार्यसूची कार्यान्वयन सम्बन्धी प्रगति प्रतिबेदन निम्न बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

| सि.नं. | कार्यसूचीका क्षेत्रहरू | सम्पन्न भएका मुख्य क्रियाकलापहरू (दुई हप्ताको प्रगति) |
|---|---|---|
| १ | अस्पताल सुधार (सरसफाइ) | - शौचालय, ओ.पि.डी. र वार्डहरूको दैनिक सरसफाइ सुनिश्चित गरिएको।<br>-सरसफाइ सम्बन्धी जिम्मेवार फोकल पर्सन तोकिएको ।<br>- सरसफाइ चेकलिस्ट अनुसार नियमित अनुगमन गरिएको। |
| २ | सूचना प्रविधि (IT) | - निःशुल्क स्वास्थ्य सेवा पोर्टलमा दैनिक विवरण अद्यावधिक गरिएको।<br>- अस्पतालको वेबसाइट मार्फत सेवाहरूको जानकारी प्रवाह गरिएको।<br>- डिजिटल ड्यासबोर्ड सञ्चालनको योजना गरिएको। |
| ३ | सार्वजनिक सेवा प्रवाह | - बिहान ९ देखि ५ बजेसम्म कर्मचारीहरूको उपस्थिति र सेवा प्रवाह सुनिश्चित गरिएको।<br>- सबै चिकित्सक र स्वास्थ्यकर्मीहरू तोकिएको पोशाक (Apron/Dress code) मा उपस्थित रहने गरेको।<br>- दर्ता र बिलिङ काउन्टरमा टोकन प्रणाली (Token System) लागू/व्यवस्थापन गरिएको। |
| ४ | प्रेषण (Referral) प्रणाली | - बिरामी प्रेषण राष्ट्रिय निर्देशिका, २०८१ को पालना गरिएको।<br>- अनावश्यक रूपमा निजी अस्पतालमा प्रेषण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न अनुगमन गरिएको। |
| ५ | स्रोत व्यवस्थापन र पारदर्शिता | - गुनासो सुनुवाइ डेस्क र QR कोड आधारित प्रतिक्रिया प्रणाली सक्रिय बनाइएको।<br>- कुरुवा/बिरामी बस्ने ठाउँ, खानेपानी र उज्यालोको उचित व्यवस्थापन गरिएको।<br>- कार्यान्वयनको लागि सम्पर्क व्यक्ति तोकिएको। |

डा. सुरज तिवारी
निर्देशक

डा. सुरज तिवारी
प्रमुख कन्सल्टेन्ट साइक्याट्रिष्ट (११ तह)
निर्देशक